# पेस विज्ञप्ती-१९२

# Press Release-192

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics ControlBureau
कोटेश्वर,काठमाडौं

मिति २०७४।०४।०१ गते

## थाईल्याण्ड लैजान लागेको अवैध लागु औषध चरेश ५ किलो सहित २ जना नेपाली नागरीक पक्राउ।

लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय त्रिभूवनअन्तर्राष्ट्रिय विमानस्थल गौचरमा खटिएको प्रहरी टोलीले मिति २०७४।०३।३० गते ९:०० बजे नेपाल एयरलाईसको उडान नं. RA401द्वारा काठमाण्डौं हुंदै थाईल्याण्ड बैंकक जानलागेका जिल्ला धादिङ साबिक दार्खा गा.बि.स.वडा नं.-१ हाल ऐ. खनियाबास गाउपालिका वडा नं. ४ ठेगाना भएका बर्ष ३० को पासपोट नं. ०७४१२६११ का कुमार सिंह तामाङले साथमा ल्याएको खैरो रंगको कपडाको सुटेकसमा शंका लागि त्रि.अ.वि.को प्रस्थान कक्षको A साईटको १ नम्बर स्क्रिनमा चेक-जाँच तथा खानतलासी गर्दा उक्त सुटकेसको पिधको भागमा फल्सबटम बनाई लुकाई छिपाई राखेको पाता आकारमा लागु औषध चरेस ५ केजी बरामद गरिएको। निजको साथबाट निजको नामको राहदानी थान-१, यु.एस. डलर ८०० सय , हवाई टिकट थान-३ सहित पक्राउ गरि निजलाई तत्काल मौखिक सोधपुछ तथा अनुसन्धान गर्दा उक्त लागु औषध चरेस सहितको सुटकेस मलाई जिल्ला धादिङ साबिक दार्खा गा.बि.स.वडा ६ हाल ऐ खनियाबास वडा नं. ३ घर भई जिल्ला काठमाण्डौं टोखा न.पा.वडा नं.११ बस्ने बर्ष ३६ को रबिन कुमार गुरुङले दिईएको हो भनि मौखिक बताएकोले निजको खोजतलास गर्दा सोही मितिको १४:०० बजे जिल्ला काठमाण्डौं टोखा न.पा.वडा नं. ८ बानियाटार स्थित मेरिना रेष्टुरेन्ट अगाडीबाट पक्राउ गरी निजहरु उपर यस ब्यूरोबाट थप अनुसन्धान कार्य भैरहेको ।

•••



# पेस विज्ञप्ती-१९३

## Press Release-193

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मिति २०७४।०४।०८ गते

# नियन्त्रित लागु औषध एम्पूलहरु सहित २ जना मानिस पक्राउ ।

यस ब्यूरोबाट खटिएको बिषेश प्रहरी टोलीले मिति २०७४।०४।०४ गते का.जि.बुढानिलकण्ठ न.पा.-७ बाट २३६७ लागु औषध नियन्त्रित एम्पूलहरु, नेपाली नगद रु.४७००० हजार र भारतिय रु.१९२०।- सहित पक्राउमा परेका जिल्ला काभ्रेपलान्चोक पनौती नगरपालीका वडा नं. १ घर भएका वर्ष ३६ का प्रतिबादी दिनेश थापालाई मौखिक सोधपुछ तथा अनुसन्धान हुंदा उक्त बरामद नियन्त्रित लागु औषध जिल्ला तेह्रथुम साबिक ईवा गा.बि.स. वडा नं.-७ हाल ऐ.आठराई गाउंपालिका वडा नं.-४ घर भई जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं. १६ नयांबजार डेरा गरी बस्ने बर्ष २७ को पदम आलेमगरबाट खरिद गरी ल्याएको भनी खुलाई दिएकोले निजलाई खोजतलासको क्रममा **मिति २०७४।०४।०५ गते १७:०० बजे** जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं. १६ बालाजु सडक किनारा बाट पक्राउ गरी निजको साथबाट IME रसिद पाना ३, कालो रङको आईफोन मोवाईल सेट थान १ र निज पदम आलेमगरको नामको सवारी चालक अनुमती पत्र थान १ सहित पक्राउ गरिएको।

**स्मरण रहोस** : निज पदम आलेमगर नियन्त्रित लागु औषध कारोबारमा २०७१ सालमा पक्राउमा परी २०७३ साल भाद्र महिनामा कैद भूक्तान गरी छुटेका पटके अभियूक्त पनि हुन। अन्य थप आबस्यक अनुसन्धान कार्य यस ब्यूरोबाट भईरहेको।

•••

